नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

*(राष्ट्रिय बीउ बिजन समितिको ७६ औं बैठकको निर्णय नं १.१ सँग सम्बन्धित)*

# सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने सम्बन्धी मापदण्ड, २०८२

*स्वीकृत मिति : २०८२/११/२९*

**प्रस्तावना**: नेपालमा खेतीका लागि उपयुक्त नदेखिएका सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचिबाट हटाउने सम्बन्धमा बीउ बिजन ऐन, २०४५ को दफा ११ को उपदफा ११.५ र बीउ बिजन नियमावली, २०८१ को नियम ४ को उपनियम (२) को खण्ड (ग) को प्रयोजनका लागि ऐनको दफा ५.४ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो मापदण्ड स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम **"सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने सम्बन्धी मापदण्ड, २०८२"** रहेको छ ।

(२) यो मापदण्ड राष्ट्रिय बीउ बिजन समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा, –

(क) "बीउ बिजनका किसिम वा जात" भन्नाले ऐन तथा नियमावली बमोजिम सूचित वा पञ्जीकृत भएका बालीका बीउ बिजन किसिम वा जात सम्झनुपर्छ । सो शब्दले नेपालमा सूचित वा पञ्जीकृत भएका इनब्रिड लाइनलाई समेत जनाउँछ ।

(ख) "सूचीत" भन्नाले नियमावलीको नियम १० को उपनियम (१) को खण्ड (क) र खण्ड (ख) बमोजिम सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जात सम्झनुपर्छ ।

(ग) "अनुसन्धान गर्ने निकाय" भन्नाले प्रजनकको संलग्नतामा अनुसन्धान गर्ने नेपाल कृषि अनुसन्धान परिषद्, कृषि अनुसन्धानमा संलग्न विश्वविद्यालय वा बीउ बिजनको जातीय विकास तथा सम्बर्द्धनको अनुमति प्राप्त निजी स्तरका संस्था सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनुपर्छ ।

(ङ) "केन्द्र" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनुपर्छ ।

(च) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०८१ सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले बीउ विजन ऐनको दफा ३ बमोजिमको समिति सम्झनुपर्छ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
समिति

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल सरकार
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

## परिच्छेद -२

## सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने प्रक्रिया

३. **सूचीबाट हटाउने आधार** : (१) ऐनको दफा ११ तथा नियमावलीको नियम ९ र १० बमोजिम अनुमोदन, उन्मोचन वा दर्ता भई सूचित वा पञ्जीकृत भएका बीउ बिजनका किसिम वा जातलाई देहाय बमोजिमका आधारमा समितिले प्राविधिक उपसमितिको सिफारिसमा सूचीबाट हटाउन सक्नेछ ।

(क) आयातित बीउ बिजनका किसिम वा जातको हकमा कम्तिमा पछिल्लो ३ आर्थिक वर्षमा एक पटक पनि आयात नभएका,

(ख) ऐनको दफा ११घ.१ तथा बीउको न्यून गुणस्तर र फरक वंशानुगत गुणका कारण बाली नोक्सान हुँदा क्षतिपूर्ति उपलब्ध नगराएमा,

(ग) सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातको जातीय शुद्धता ह्रास हुँदै गएमा,

(घ) सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जात खेतीको लागि उपयुक्त नदेखिएमा,

(ङ) सूचित वा पञ्जीकृत जातले मानिस, पशुस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर पार्ने भएमा,

(च) सूचित वा पञ्जीकृत जातमा रोग कीरा लगायतको कारणबाट खेती गर्न अनुपयुक्त देखिएमा,

(छ) समितिलाई लागेका अन्य विषयहरू।

४. **सूचीबाट हटाउने प्रक्रिया**: (१) सूचित वा पञ्जीकृत भएका बीउ बिजनका किसिम वा जातलाई दफा ३ को उपदफा (१) को खण्ड (ग), (घ) (ङ) र (च) बमोजिमका कारणहरूबाट सूचित वा पञ्जीकृत जातको सूचीबाट हटाउन उपयुक्त लागेमा सो जातको अनुसन्धान गर्ने निकाय वा प्रस्तावकले समितिको सचिवालयमा अनुसूची-१ बमोजिमको निवेदन दिनु पर्नेछ।

(२) सूचित वा पञ्जीकृत भएका बीउ बिजनका किसिम वा जातलाई दफा ३ बमोजिमका कारणहरूबाट सूचित वा पञ्जीकृत जातलाई सूचीबाट हटाउन उपयुक्त लागेमा समितिको सचिवालयले सो सम्बन्धी अध्ययन गरी सो को पुष्टि हुने कागजात तथा आधार सहितको प्रतिवेदन सहित नियमावलीको नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिमको उपसमिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपसमिति समक्ष पेश गर्नु भन्दा अघि दफा ३ मा उल्लिखित कारणहरुबाट सूचित वा पञ्जीकृत भएका बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउनु पर्ने देखिएमा समितिको सचिवालयले उक्त बीउ

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
बीउ बिजन समिति

बिजनका किसिम वा जातको जात अनुमोदन, उन्मोचन वा दर्ता गराउने संस्था वा निकायलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) समितिको सचिवालयले उपदफा (३) बमोजिम सम्बन्धित संस्था वा निकायले पेश गरेको सफाई सहित बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने वा सूचीमा कायम राख्ने सम्बन्धमा आवश्यक सिफारीसका लागि सचिवालयले प्राविधिक उपसमिति समक्ष पेश गर्नुपर्नेछ।

(५) प्राविधिक उपसमितिले दफा ३ मा उल्लिखित सूचकहरू वा आधारहरू मध्ये कुनै एक आधार आकर्षित हुने भएमा उपदफा (१) र (२) बमोजिम पेश भएका बीउ बिजनका किसिम वा जातलाई सूचिबाट हटाउन समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

(६) समितिले उपदफा (५) बमोजिमको प्राविधिक उपसमितिबाट भएको सिफारिस समेतको आधारमा बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सूचीबाट हटाउने निर्णय भएका बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने सन्दर्भमा जुन माध्यमबाट सूचित वा पञ्जीकृत गरिएको हो सोही माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गरी सूचीबाट हटाउनु पर्नेछ ।

## परिच्छेद ३

## विविध

**५. अभिलेख राख्नु पर्ने:** केन्द्रले दफा ३ बमोजिमको आधारहरूको कार्यान्वयनका लागि बीउ बिजनका किसिम वा जातको आयात अभिलेख लगायतका विवरण अद्यावधिक गर्नु पर्नेछ ।

**६. मापदण्डमा संशोधन:** समितिले आवश्यकता अनुसार यस मापदण्डमा संशोधन गर्न सक्नेछ ।

बेनु प्रसाद प्रसाई
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउन दिनु पर्ने निवेदनको ढाँचा

श्री राष्ट्रिय बीउ बिजन समितिको सचिवालय,

हरिहरभवन, ललितपुर।

विषयः सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाई पाउँ।

मैले/हामीले बीउ बिजन ऐन, २०४५ र बीउ बिजन नियमावली, २०८१ बमोजिम सूचित वा पञ्जीकृत गराएको बीउ बिजनका किसिम वा जातलाई "**सूचित वा पञ्जीकृत बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउने सम्बन्धी मापदण्ड, २०८२**"को दफा ४ को उपदफा (७) बमोजिम सूचीबाट हटाइदिनु हुन अनुरोध छ । साथै, उक्त बीउ बिजनका किसिम वा जातलाई सूचीबाट हटाउनुपर्ने कारणहरू समेत देहाय बमोजिम उल्लेख गरिएको समेत अनुरोध छ।

सूचीबाट हटाउनु पर्ने कारणहरु

१.........................................................................

२.........................................................................

३.........................................................................

निवेदकः

हस्ताक्षरः

व्यक्ति वा संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं.

मितिः

इमेलः

बेनु प्रसाद प्रसाईं
सदस्य सचिव
राष्ट्रिय बीउ बिजन समिति

सचिव
डा. राजेन्द्र प्रसाद मिश्र
अध्यक्ष
राष्ट्रिय बीउ बिजन समिति